# नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्द्धन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

## आर्थिक वर्ष २०७८/७९

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७८/०७/०८)

**प्रदेश सरकार**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# <u>नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्द्धन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८</u>

**<u>प्रस्तावनाः</u>** गुणस्तरिय बीउ उत्पादन एवम प्रवर्द्धनका लागि बीउको छनौट, उत्पादनका लागि उपयुक्त क्षेत्रको पहिचान, बाली उत्पादनका विभिन्न समयमा गुणस्तर नियन्त्रण तथा नियमन निकायबाट खेत/बाली तथा भण्डारण निरिक्षण, नमुना संकलन, परिक्षण तथा व्यावसायिक रुपमा गरिने खेतिका लागि प्रयोग हुने उन्नत बीउको लागि आवश्यक पर्ने श्रोत बीउहरु गुणस्तरिय तवरले निश्चित क्षेत्रभित्र उत्पादन गर्न र बीउको गुणस्तर नियन्त्रण एवम प्रमाणिकरण जस्ता क्रियाकलापहरु एकीकृत रुपमा संचालन गर्नका लागि विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले "**नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्द्धन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८**" स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्द्धन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-,

(क) **"आवेदक"** भन्नाले नमुना बीउ उत्पादन क्षेत्र सहयोग कार्यक्रममामा सहभागि हुनका लागि आवेदन दिएका कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक तथा निजी फार्मलाई सम्झनु पर्दछ ।

(ख) **"उत्पादक"** भन्नाले विभिन्न बाली तथा जातहरुका मूल, प्रमाणित तथा उन्नत बीउ उत्पादनमा संलग्न कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक तथा निजी फार्मलाई सम्झनु पर्दछ ।

(ग) **"उन्नत बीउ"** भन्नाले प्रचलित बीउ विजन ऐन र बीउ विजन नियमावली अनुसार मूल वा प्रमाणित बीउबाट उत्पादन गरी यथार्थ संकेत पत्र लगाइएको बीउ सम्झनु पर्छ। यसले बालीका वर्णशंकर जातहरु समेतलाई सम्झनु पर्दछ।

(घ) **"केन्द्र** "भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ ।

(ङ) **"कार्यक्रम"** भन्नाले नमुना बीउ उत्पादन क्षेत्र प्रवर्दन सहयोग कार्यक्रम अन्तरगत स्वीकृत कार्यक्रमलाई सम्झनु पर्दछ।

(च) **"नमुना बीउ उत्पादन क्षेत्र"** भन्नाले यस कार्यविधि बमोजिम गुणस्तरीय बीउ विजन उत्पादन एंव प्रवर्दन गर्नका लागि तोकिएको निर्धारित क्षेत्रफल सहितको क्षेत्र भन्ने सम्झनु पर्दछ ।

(छ) **"निर्देशनालय** "भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयसम्झनु पर्दछ।

(ज) **"प्रयोगशाला"** भन्नाले निर्देशनालय मातहतको बीउ विजन प्रयोगशाला सम्झनु पर्दछ।

(झ) **"बीउ विजन"** भन्नाले प्रचलित कानुन अनुसार उन्मोचन तथा दर्ता भएका बिभिन्न बालिका जातहरुको श्रोत बीउ, प्रमाणित बीउ, उन्नत बीउ  र वर्णशंकर बीउलाई सम्झनु पर्छ ।

(ञ) **"मन्त्रालय "** भन्नाले भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(ट) **स्थानीय तह** "भन्नाले महानगरपालिका,उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकाहरुलाई सम्झनु पर्दछ।

(ठ) **"समिति"** भन्नाले दफा ५ को उपदफा १ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

(ड) **"साझेदार संस्था"** भन्नाले यस कार्यविधि बमोजिम प्रयोगशालासंग साझेदार हुने कृषक समूह, कृषि सहकारी सामुदायिक बीउ बैंक तथा निजी फार्मलाइ सम्झनु पर्दछ।

(ढ) **"श्रोत बीउ"** भन्नाले प्रचलित बीउ विजन ऐन र बीउ विजन नियमावली अनुसार द्धारा प्रमाणित गरिएको मूल र प्रमाणित बीउ सम्झनु पर्छ।यसले वर्णशंकर जातका पैत्रिक लाईन (इनब्रिड) समेतलाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रचलित बिउ बिजन ऐन, बिउ बिजन नियमावली तथा कार्यविधि/निर्देशिका बमोजिम अधिकतम गुणस्तर कायम गरी बिउ बिजन उत्पादन, प्रशोधन, बजारीकरण तथा उपयोग गर्न/गराउन आवश्यक पर्ने उत्पादनका सामाग्रीहरु, प्रविधि तथा पुर्वाधारहरुको एकिकृत रुपमा बिकास गर्ने,

(ख) गुणस्तरिय बीउको उत्पादन प्रवर्दन मार्फत उन्नत बीउका लागि आवश्यक पर्ने श्रोत बीउको उपलव्धता वृद्दि गर्ने,

(ग) उन्नत बीउको प्रयोगबाट विभिन्न बालीको वीउ तथा जात प्रतिस्थापन दर वृदिमा सहयोग गर्ने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन, गुणस्तर प्रवर्द्धन तथा नियन्त्रण प्रक्रिया

४. **कार्यक्रम संचालनः** (१) नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्द्धन सहयोग कार्यक्रम बागमती प्रदेशका अनुसुचि १ अनुसारका ७ जिल्लाहरुमा सञ्चालन हुनेछ।कार्यक्रम कार्यान्वयन गर्दा बीउ उत्पादनका लागि प्राविधिक रुपमा उपयुक्त तथा पहिले नै बीउ उत्पादन प्रवर्दनका लागि अनुदान प्राप्त नगरेका आवेदकहरुलाइ छनौटका लागि प्राथमिकता प्रदान गरिने छ ।

(२) नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्द्धन सहयोग कार्यक्रम श्रोत उपलव्धताको आधारमा बीउ बिजन प्रयोगशाला/कृषि ज्ञान केन्द्रको समन्वयमा सञ्चालन हुनेछ ।

(३) नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्द्धन सहयोग कार्यक्रममा सहभागी हुन चाहने कृषक समूह, कृषि सहकारी, र सामुदायिक बीउ बैंक वा निजि फार्मले न्युनतम २० रोपनी क्षेत्रफलमा श्रोत बीउ उत्पादन गर्नुपर्नेछ।

(४) यो कार्यक्रम मुख्य खाद्यान्न बाली क्रमश धान, मकै र गँहुमा आ.व. २०७८/०७९ बाट सञ्चालन गरिनेछ ।

(५) कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, कृषि सहकारी/सामुदायिक बीउ बैंक तथा निजी फार्मलाई प्रयोगशालाले २१ दिनको सुचना प्रकाशन गर्नेछ र सो समयावधि भित्र माग बमोजिम आवेदन प्राप्त हुन नसकेमा पुनः ७ दिनको म्याद थप गरी सुचना प्रकाशन गर्न सक्नेछ।सूचना राष्ट्रिय दैनिक पत्रमा प्रकाशन गरिनेछ र उक्त सूचनालाइ मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्र तथा प्रयोगशालाको वेभसाइटमा समेत राखिने छ।

(६) इच्छुक कृषक समुह, कृषि सहकारी,सामुदायिक वीउ वैंकहरु तथा निजी फार्मले अनुसुचि २ अनुरुपका क्रियाकलापहरु समावेश गरि अनुसुची-३ बमोजिमको ढाँचामा प्रस्तावपत्र तयार गरि प्रयोगशालामा दर्ता गर्नुपर्ने छ ।

(७ ) कार्यक्रममा सहभागि हुन चाहने इच्छुक कृषक समूह, कृषि सहकारी र सामुदायिक बीउ बैंक वा निजि फार्मले वर्षमा कम्तिमा २ बालीको गुणस्तरिय वीउ उत्पादन गर्ने सुनिश्चितता एंव प्रतिवद्दता जाहेर गरेको हुनुपर्ने छ।साथै अनुदान रकमको पुर्ण एंव गुणस्तरिय उपयोगिताका लागि प्रस्तावित क्षेत्रमा कम्तिमा ५ वर्ष सम्म निरन्तर रुपमा विज वृद्दि सम्वन्धि कार्यक्रम संचालन गर्नका लागि अनुसुची- ४ बमोजिम प्रतिवद्धता पत्र/स्वघोषणा पत्र पेश गर्नुपर्ने छ ।

(८) नमुना बीउ उत्पादन क्षेत्र स्थापना /प्रवर्द्धन सहयोग कार्यक्रमका लागि प्राप्त प्रस्तावपत्रहरुको अनुसुचि ३ अनुसार मुल्यांकनका आधार एंव अंकभारको आधारमा मुल्यांकन गरिने छ ।

(९) कार्यक्रममा सहभागि हुने साझेदार संस्थाहरुले एउटै एंव उस्तै प्रकृतिको कार्यको लागि अन्य निकायबाट श्रोतको दोहोरोपना नहुने सुनिश्चतता सहित कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

५. <u>गुणस्तर प्रवर्द्धन तथा नियमनः</u> (१) साझेदार संस्थाहरुले उत्पादन गर्ने बीउको गुणस्तरियता प्रवर्दन नियन्त्रण तथा नियमनका लागि प्रयोगशालाका बाली विकास अधिकृत वा बाली विकास हेर्ने अधिकृतको संयोजकत्वमा ३ सदस्य गुणस्तर प्रवर्दन तथा नियमन समिति गठन गरिने छ ।

| | |
|---|---|
| बाली विकास अधिकृत, बीउ बिजन प्रयोगशाला | -संयोजक |
| सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रको बाली विकास हेर्ने अधिकृत | - सदस्य |
| सम्वन्धित स्थानिय तहको कृषि विकास शाखा हेर्ने कृषि प्राविधिक | -सदस्य |

(२) गुणस्तर प्रवर्दन तथा नियमन समितिको कार्य शर्त विवरण देहाय बमोजिमको हुनेछ ।

क. प्रयोगशाला सँगको समन्वयमा अनुसुची- ५ अनुसारका मुल्यांकनका आधारहरुलाइ आवश्यक्ता अनुसार थप विशिष्टिकृत गरि प्राप्त प्रस्तावपत्रहरुको स्विकृत सुचाङ्क एंव अंकभारका आधारमा मुल्यांकन गरि प्रयोगशालामा प्रतिवेदन पेश गर्ने, प्रस्तावपत्र मुल्याङ्कन गर्दा औषत ४० अङ्क भन्दा कम अङ्क प्राप्त गर्ने आवेदकहरुको प्रस्तावलाइ मात्र अयोग्य मानि मुल्याङ्कन गर्ने

ख. आवश्यकता अनुसार प्रस्तावित बीउ उत्पादन क्षेत्रको क्षेत्रफल एकिन एंव पहिचान गर्ने तथा खडा बाली समेत निरिक्षण गर्ने,

ग. बालीको वृदि अवस्था एंव मौषमको अनुकुलता अनुरुप कम्तिमा २ पटक खडा बाली निरिक्षण गरि राय सुझाव पेश गर्ने,

घ. बीउ उत्पादनका लागि प्रयोग भएको वीउको निस्साको चेक जाँच गर्ने,

ङ. बीउ उत्पादन प्रवर्दन सहयोग कार्यक्रममा उपलव्ध श्रोतको समुचित प्रयोगको सुनिश्चितता गर्ने,

(३) बीउको गुणस्तर नियन्त्रण तथा प्रमाणिकरणः बीउको गुणस्तर नियन्त्रण तथा प्रमाणिकरण देहाय बमोजिम हुनेछ ।

क. आवेदकहरुले गुणस्तरिय बीउ उत्पादनका लागि सहज रुपमा पृथकता दुरि कायम गर्न सकिने क्षेत्रमा मात्र वीउ उत्पादन गरिने सुनिश्चितता गरेको हुनुपर्ने छ।

ख. आवेदकहरुले आफुले लगाउने बालीहरुको जात प्रयोग भएको वीउको श्रोत तथा लगाएको क्षेत्रफल उल्लेख गरि बाली लगाएको १५ दिन भित्र वीउ विजन प्रयोगशालामा पुर्व जानकारी फाराम विधुतिय माध्यमबाट (https://seedlab.bagamati.gov.np) वा बीउ प्रमाणिकरण निर्देशिका २०७४ को अनुसुची ४ बमोजिम पुर्व जानकारी विवरण छिटो माध्यमबाट प्राप्त हुने गरि पठाउनु पर्दछ ।

ग. आवेदकहरुले श्रोत बीउ कँहा बाट, कति परिमाण र कति क्षेत्रफलमा लगाउने हो सो को विस्तृत विवरण उल्लेख गर्नु पर्ने साथै श्रोत वीउको निस्सा (ट्याग/ खरिद विल) प्रमाणीकरण निकायमा पेश गर्नु पर्दछ ।

घ. प्रयोगशालाले प्राप्त पुर्व जानकारी फाराम अनुरुप बाली विशेषको आधारमा कार्य योजना सहित खडा बाली निरीक्षण, भण्डारण निरीक्षण तथा नमुना संकलन गर्नु पर्दछ ।

ङ. प्रयोगशालाले प्राप्त नमुनाहरुको प्रयोगशाला परिक्षण गरि सम्वन्धित अनुदान ग्राहिले प्राप्त गर्ने गरि परिक्षण प्रतिवेदन जारी गर्नु पर्दछ।

च. बीउ प्रमाणिकरणका लागि निर्धारित न्युनतम मापदण्डहरु पुरा गरेका उत्पादित श्रोत बीउमा बीउको श्रोत अनुसार संकेत पत्र जारी गर्ने जिम्मेवारी प्रयोगशालाको हुनेछ ।

छ. गुणस्तर नियन्त्रणका सवै पक्षहरु अवलम्वन गर्न प्रयोगशाला केन्द्र तथा सम्वन्धित स्थानिय तहका प्राविधिकहरुले संयुक्त रुपमा बाली अनुसार खडा बाली निरिक्षण गर्नेछन ।

(४) आवेदकहरुको न्युनतम योग्यताः आवेदकहरुको न्युनतम योग्यता देहाय बमोजिम हुनेछ।

(क) सम्वन्धित निकायमा अद्यावधिक दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि

(ख) मुल वीउ उत्पादन गर्न चाहने कृषक समुह, सहकारी, र सामुदायिक वीउ वैक वा निजी फार्मको हकमा मुल वीउ उत्पादन इजाजत प्रमाण पत्रको प्रतिलिपि

(ग) स्थायी लेखा नम्वर/मु.अ.क.दर्ता प्रमाण पत्रको प्रतिलिपि

(घ) श्रोत/उन्नत वीउ उत्पादन कार्यक्रममा सहभागि हुने समुह/सहकारी/वीउ वैंकको वैठकको माइन्युटको प्रमाणित प्रतिलिपि

(ङ) बीउ उत्पादन भाडाको जग्गामा गर्ने भए जग्गा लिजमा लिएको सम्झौता तथा जग्गाको जग्गा धनि पुर्जाको प्रतिलिपि

(च) सामुहिक रुपमा बीउ उत्पादन गर्नेको हकमा बीउ उत्पादकहरुको जग्गाको कित्ता न. एंव क्षेत्रफल सहितको सुचि

(छ) सहकारी तथा निजि फार्मको हकमा गत आ.व. को लेखा परिक्षण प्रतिवेदन तथा कर छुट/कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

## परिच्छेद- ३
## आर्थिक पक्ष

६. कार्यक्रम लागत सहभागिताको आधारमा हुनेछ। कार्यक्रम सञ्चालनको लागि बढीमा ५० प्रतिशत अनुदान उपलव्ध गराईनेछ ।

७. कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकहरुले लागत सहभागिताको आधारमा अनुसुची २ मा उल्लेखित उत्पादन सामांग्री प्रविधि तथा पुर्वाधारका लागि प्रस्ताव पेश गर्न सक्नेछन ।

८. अनुदानग्राहीले आर्थिक प्रस्ताव पेश गर्दा ज्यामी खर्च प्रस्तावमा समावेश गर्न पाइने छैन। साथै बीउ उत्पादन क्षेत्र सामुहिक रुपमा वा जग्गा लिजमा लिएर व्यवस्थापन गर्नु पर्ने छ ।जग्गा लिजमा लिइ विज वृद्दि सम्वन्धि क्रियाकलापहरु संचालन गर्दा कम्तिमा ५ वर्षको सम्झौता भएको हुनु पर्ने छ।जग्गा भाडाबापतको रकम समेत आर्थिक प्रस्तावमा समावेश गर्ने पाइने छैन ।

९. साझेदार संस्थाहरुले सम्झौता बमोजिमका क्रियाकलापहरु सम्पन्न गरे पश्चात गुणस्तर प्रवर्दन तथा नियमन समितिको सिफारिशमा सम्झौता बमोजिमको रकममा नियमानुसार कर कट्टी

गरि वाँकी रकम सम्वन्धित अनुदानग्राहीहरुको वैंक खातामा जम्मा हुने गरि भुक्तानीको व्यवस्था गर्ने छ ।

१०. पारदर्शिता तथा अनुदानको गुणस्तरिय उपयोग प्रवर्दनका लागि साझेदार संस्थाहरुले सम्पूर्ण लागत बमोजिमको रकम एंव संचालन गरिने क्रियाकलापहरु देखिने गरि कार्यक्रम स्थलमा होर्डिंग वोर्डको व्यवस्था गर्नु पर्ने छ ।

११. गुणस्तरिय बीउको उपयोगको अभिवृदिका लागि प्रयोगशाला परिक्षण, संकेत पत्र प्रयोग, उत्पादित बीउ श्रोत/ उन्नत बीउ उत्पादनमा विक्रि गर्ने प्रतिवद्धता पत्र सोहि प्रकृतिको कार्यको लागि अन्य निकायबाट एकै प्रयोजनको लागि अनुदान नलिएको प्रमाण खुल्ने कागजातहरु प्रस्ताव पत्रमा संग्लग्न गर्नुपर्दछ ।

१२. छनौट भएका आवेदकहरुलाइ प्रयोगशालाले ७ दिनको समयावधि दिइ सम्झौताको लागि आव्हान गर्न सक्ने छ साथै निर्धारित समयभित्र सम्झौता गर्न नआएमा वैकल्पिक आवेदकहरुलाइ सम्झौताको लागि आव्हान गर्न सक्ने छ।

## परिच्छेद-४

## विविध

१३. **कारवाहीको व्यवस्थाः** अनुदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१४. **अनुगमन तथा मुल्याङ्कनः** मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र र वीउ विजन प्रयोगशालाहरुले आवश्यकताअनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछन ।

१५. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ।

१६. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

## अनुसुची १
## कार्यक्रम लागु हुने जिल्लाहरु

१. धादिङ्ग

२. नुवाकोट

३. काभ्रे

४. सिन्धुपाल्चोक

५. रामेछाप

६. सिन्धुली

७. मकवानपुर

<u>अनुसुची २</u>

<u>प्रस्तावमा समावेश गर्नुपर्ने क्रियाकलाप तथा अनुदानको सिमाहरु</u>

| क्र.स. | विवरण | अधिकतम अनुदान | कैफियत |
|---|---|---|---|
| १ | उत्पादन सामांग्री (श्रोत बीउ, मल तथा सुरक्षित विषादी ) | कुल लागतको अधिकतम २० % सम्म | |
| २ | पुर्वाधार निर्माण सबलीकरण तथा प्रवर्दन | कुल लागतको न्युनतम ६० % सम्म | |
| | बीउ प्रशोधन गृह/कक्ष | | |
| | बीउ प्रशोधन मेशिन | | |
| | सिड ट्रिटर | | |
| | वोरा सिलाउने मेशिन | | |
| | बीउ जोख्ने डिजीटल तराजु न्युनतम १०० के जी क्षमता | | |
| | वीउको चिस्यान मापक यन्त्र | | |
| | बीउ सुकाउने त्रिपाल | | |
| | बीउ प्यांकिंग गर्ने वोरा | | |
| ३ | प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रण | कुल लागतको अधिकतम २०% सम्म | |
| | बीउ उत्पादन प्रशोधन तथा भण्डारण सम्वन्धि स्थलगत तालिम | | |
| | खडाबाली निरिक्षण नमुना संकलन बीउ परिक्षण तथा संकेत पत्र जारी | | |

**अनुसुची ३**
**नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्दन सहयोग कार्यक्रममा सहभागिताका लागि पेश गर्ने प्रस्तावपत्रको ढाँचा**

१. प्रस्ताव पेश गर्ने संस्थाको नाम

२.ठेगाना

३. दर्ता भएको निकाय

४. कार्यक्रमको नाम

५. कार्यक्रम संचालन हुने स्थान

६. कार्यक्रम अन्तरगत बीउ उत्पादन हुने बालीहरु

७. बीउ उत्पादनको प्रकार

८. बीउ उत्पादन हुने क्षेत्रफल

९. कार्यक्रमको उद्देश्य

१०. कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरु

११. कुल लागत रु.

अनुदान रु.
आवेदकको लागत सहभागिता रु.

१२. कार्यक्रमको नविनतम पक्षहरु

१३. कार्यक्रममा सामाजिक समावेशिता

१४. लाभान्वित विवरण

पुरुष जम्मा

महिला दलित जनजाति अन्य

१५. अपेक्षित प्रतिफलहरु

१६. कार्यक्रमको निरन्तरताका लागि अवलम्वन गरिने विधि एंव तौर तरिका

१७. कार्यक्रम शुरु हुने मिति

१८. कार्यक्रम सम्पन्न हुने मिति

१९. प्रस्तावित कार्यक्रम तथा वजेट

| क. स | विवरण | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन सामाग्री | | | | | |
| | बीउ | | | | | |
| | मल | | | | | |
| | विषादी | | | | | |
| २ | प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रण | | | | | |
| | स्थलगत तालिम बीउ उत्पादन प्रशोधन तथा भण्डारण | | | | | |
| | खडा बाली निरिक्षण | | | | | |
| | भण्डारण निरिक्षण तथा नमुना संकलन | | | | | |
| | संकेतपत्र जारी तथा ट्यागिंग | | | | | |
| ३ | पुर्वाधार निर्माण | | | | | |
| | बीउ प्रशोधन कक्ष/गृह निर्माण | | | | | |
| | बीउ प्रशोधन मेशिन | | | | | |
| क. स | विवरण | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
| | बीउ उपचार गर्ने मेशिन | | | | | |
| | बीउको चिस्यान मापक यन्त्र | | | | | |
| | बीउ सुकाउने त्रिपाल | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बोरा सिलाउने मेशिन | | | | | |
| | बीउ प्याकिंग गर्ने वोरा | | | | | |
| ४ | व्यवस्थापन | | | | | |
| | सामाग्री ढुवानी | | | | | |
| | पारदर्शिता प्रवर्दनका लागि होर्डिग वोर्ड | | | | | |
| | सार्वजनिक सुनुवाइ | | | | | |
| | जम्मा | | | | | |

२०. बीउ वजारीकरण तथा व्यवस्थापन गर्न गरिने विविध पक्षहरु

२१. श्रोत व्यवस्थापनका लागि गरिने अन्तर निकाय समन्वय

२२. वातावरण संरक्षण एंव प्रवर्दनका लागि अवलम्वन गरिने उपायहरु

प्रस्ताव पेश गर्नेको नाम थरः

पदः

हस्ताक्षर

मितिः

सम्पर्क नम्बरः

| |
|---|
| संस्थाको छाप |

पुनश्च : यस ढाँचामा आफूले गर्न चाहेको बीउ बाली उत्पादनका विविध विषय तथा क्रियाकलापहरु विस्तृत रुपमा समावेश गर्नु पर्ने।

# अनुसूची-४

## प्रतिबद्धतापत्र /स्वघोषणापत्र

बीउ बिजन प्रयोगशाला बागमती प्रदेश हेटौंडाको मिति................. मा प्रकाशित सूचना अनुसार नमुना बीउ उत्पादन क्षेत्र स्थापना/प्रवर्दन सहयोग कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजनासहितको आवेदन पेश गरेको/गरेका छौं।उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेखित कार्य गर्नेछौं र प्रत्येक वर्षमा कम्तिमा २ वटा मुख्य बालीको बीउ उत्पादन सहित ५ वर्षसम्म निरन्तर रुपमा बीउ उत्पादन, व्यवस्थापन तथा वजारीकरण सम्वन्धि कार्य गर्नेछौं।कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगावै सो कार्य बन्द गरेमा यस कार्यको लागि प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने प्रतिवद्धता सहित स्वघोषणा समेत व्यक्त गर्दछौं ।यस कार्यविधिमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

**आवेदकको तर्फबाट**

| क्र स | आवेदक संस्थाको नाम | ठेगाना गा.पा./न.पा. वडा नं | जग्गाको ठेगाना | बीउ उत्पादनका लागि प्रस्तावित जग्गाको कित्ता नं | बीउ उत्पादनका लागि प्रस्तावित जग्गाको कुल क्षेत्रफल हे. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नामथर

पद

दस्तखत

मिति

संस्थाको छाप

## अनुसुची ५

## प्रस्ताव मुल्यांकनका आधारहरु तथा अंकभार

| क्र.स. | आधारहरु | अक भार | कैफियत |
|---|---|---|---|
| १ | बीउ उत्पादन गर्ने क्षेत्रफल तथा वजारीकरण गर्न सकिने बीउको परिमाण | १५ | |
| | २० रोपनि क्षेत्रफल तथा ३ मे टन सम्म वजारीकरण परिमाण | ८ | |
| | २० देखि ५० रोपनी क्षेत्रफल तथा ६ देखि ८ मे टन सम्म बजारीकरण परिमाण | १२ | |
| | ५० रोपनी भन्दा बढि क्षेत्रफल तथा ८ मे टन भन्दा बढि परिमाणमा वजारीकरण | १५ | |
| २ | सामाजिक समावेशिकरण | ५ | |
| ३ | सम्वन्धित स्थानिय तहको बीउ उत्पादन तथा व्यवस्थापनमा प्राविधिक सहयोग गर्ने प्रतिवद्दता पत्र | १० | |
| ४ | उत्पादित श्रोत बीउ खरिद/विक्री सम्वन्धि खरिद विक्री पुर्व सम्झौता | १० | |
| ५ | सम्भावित बीउ उत्पादन क्षेत्रको प्राविधिक उपयुक्तता | १० | |
| ६ | लागत सहभागिताका लागि श्रोत जुटाउन सक्ने क्षमता | १० | |
| ७ | बीउ उत्पादन एंव व्यवस्थापन सम्वन्धि संस्थागत अनुभव | १५ | |
| | ३ वर्ष सम्मको उत्पादन सम्वन्धि अनुभव | ८ | |
| | ३ देखि ५ वर्ष सम्मको उत्पादन सम्वन्धि अनुभव | १२ | |
| | ५ वर्ष भन्दा बढिको उत्पादन सम्वन्धि अनुभव | १५ | |
| ८ | बीउ उत्पादनका लागि क्लष्टर/ब्लक निर्माण/विस्तार गर्न सकिने सम्भावना | १५ | |
| ९ | प्रस्तावमा उल्लेखित नविनतम एंव बीउ उत्पादनको निरन्तरताका लागि अवलम्वन गरिने पक्षहरु | १० | |